# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०२।०८ गते ।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला जुम्ला, पातारासी गाउँपालिका, वडा नं. १ स्थित गंगा माध्यमिक विद्यालय, पेरे माथाचौरमा कार्यरत शिक्षक भोजराज न्यौपानेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएकोले छानबिन गरी कारबाही हुन भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज भोजराज न्यौपानेले श्री गंगा माध्यमिक विद्यालय, माथाचौर पेरेमा माध्यमिक विद्यालय गणित (राहत) शिक्षक पदमा नियुक्ति पाउनको लागि त्रिभुवन विश्वविद्यालयबाट जारी गरिएको भनिएको प्रविणता प्रमाणपत्र तह (Proficiency Certificate Level) र स्नातक तह (Bachelor's Degree in Business Studies) का झुट्टा (नक्कली) शैक्षिक योग्यताको प्रमाणपत्रहरु पेस गरी नियुक्ति लिई शिक्षकको हैसियत, लाभ एवं सुविधा लिएको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी